सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बौरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७३

बैठक संख्याः२०८२/८३-१३

आज मिति२०८२/१२/३० गते आइतबारको दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँकार्यपालिकाको १३ औं बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

उपस्थितिः

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री प्रतिभा वली (खड्का) | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १नंवडा | |
| ५ | श्री मेकबहादुर बुढाथोकी | वडाध्यक्ष, २नंवडा | |
| ६ | श्री जिवराज वोहरा | वडाध्यक्ष, ३नंवडा | |
| ७ | श्री खर्क विर रोका | वडाध्यक्ष, ४नंवडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५नंवडा | |
| ९ | श्री वुदी कुवर | कार्यपालिका सदस्य | वुदी |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना वस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | मनि |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर वि क | कार्यपालिका सदस्य | भिम |

अन्य उपस्थितिः

१. श्री भिमलाल भण्डारी — सुचना प्रविधि अधिकृत सातौ तह

२. श्री प्रेमराज वि क — प्राविधिक शाखा

२. श्री हिमा कुमारी रेउले — कास

सिद्ध कुमाखगाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

प.स.२०८२।८३

च.न.

मिति२०८२/१२/३० गते बस्ने कार्यपालिकाका बैठकमा अध्यक्षद्वारा प्रस्तवित एजेण्डा :

१.अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२.कक्षा/तह थप अनुमति सम्बन्धमा

३.स्तनपान कक्षा व्यवस्थापन सम्वन्धमा

४.मध्यकालीन खर्च संरचना तयारी गर्ने सम्वन्धमा

५.खोर सुधार कार्यक्रमको लाभग्राही छनौट सम्वन्धमा

६.दरबन्दी मिलान/तह घटुवा र विद्यालय समायोजन सम्वन्धमा

७.पालिका स्तरीय खेलमैदान निर्माणका लागि स्थान तोकी खेलमैदान निर्माण गर्ने सम्वन्धमा

८.खरको छाना विस्तापित कार्यक्रम अनुमोदन गरी कार्यान्वयन सम्बन्धमा।

९. आर्थिक सहायता सम्वन्धमा।

१०. फरफारक सम्वन्धमा

११. स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्वन्धमा ।

१२. विविध

प्रतिमा वली (खड्का)
प्र.प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयनं १:**

यस अघि मिति २०८२/१२/२० गते बसेको गाउँकार्यपालिकाको १२ औं बैठकले पारित गरेका निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा व्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ कक्षा थप/तह थप अनुमति दिने सम्बन्धमा।**

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गत सञ्चालित तपसिलका विद्यालयहरुले कक्षा थप/तह थपको लागि यस पालिकामा वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेकाले शैक्षिक सत्र २०८३ देखि लागु हुने गरी कक्षा /तह थपका लागि अनुमति दिने निर्णय गरियो।

तपसिलः

| क्र. सं | विद्यालयको नाम | प्रकार | हाल सञ्चालित तह/कक्षा | अनुमति लिन चाहेको तह/कक्षा | धरौटी |
|---|---|---|---|---|---|
| १ | ब्राइट ह्युमन एकेडेमी सिद्ध कुमाख-३ ढोरचौर सल्यान | संस्थागत | आ.वि ०-८ | माध्यमिक तह- कक्षा ९ | २ लाख ५० हजार |
| २ | कुमाख मालिका एकेडेमी सिद्ध कुमाख-४ करेन्जी | संस्थागत | आ. वि ०-४ | आ. वि कक्षा ५ | ५० हजार |

**प्रस्तावन ३- स्तनपान कक्षा व्यवस्थापन सम्बन्धमा**

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपलिकामा स्तनपान कक्षा नभएको हुँदा सेवाग्राही र महिला कर्मचारीको सहजताका लागि पालिका भित्र स्तनपान कक्षाको व्यवस्थापन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ४-मध्यमकालीन खर्च संरचना तयारी गर्ने सम्बन्धमा।**

**निर्णय नं ४**

मध्यमकालीन खर्च संरचनाले सिद्ध कुमाख गाउँपलिकाको आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन र उपलब्ध स्रोत साधनको कुशलतापूर्वक कार्यान्वयनमा दक्षता अभिवृद्धि गरी वित्तीय सुशासन कायम गर्नका लागि आवश्यक जनशक्ति खटाइ वैशाख मसान्त भित्र मध्यकालीन खर्च संरचना तयार गरी कार्यपालिकामा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

प्रमाणित गर्यो।

भरत गिरी
अध्यक्ष

## प्रस्ताव नं ५- खोर सुधार कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपलिका आ. व २०८२/८३-(पशु सेवा शाखा) स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रु १ लाख बाट खोर सुधार कार्यक्रम ( बाखा र बंगुर ५०% साझेदारी) अन्तर्गत यस सिद्ध कुमाख गाउँपलिका द्वारा मिति २०८२/१०/२६ र मिति २०८२/१२/०१ गते प्रकाशित सूचना बमोजिम रीत पूर्वक पेश भएका आवेदनहरु मध्ये फिल्ड **verification Report** समेतका आधारमा तपसिलका कृषक/फर्म/समुहहरुलाई उक्त साझेदारी कार्यक्रम कार्यान्वयनका लागि छनौट गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल:

| क सं | कृषकको नाम | स्थायी ठेगाना | फर्म/समुहको नाम | लागत साझेदारी गाउँपालिका | लागत साझेदारी कृषक/फर्म |
|---|---|---|---|---|---|
| १ | दिपा दमाई | सिद्ध कुमाख ४ सल्यान | | २५ हजार | २५ हजार |
| २ | बल बहादुर खड्का | सिद्ध कुमाख ५ सल्यान | | २५ हजार | २५ हजार |
| ३ | अमर वस्नेत | सिद्ध कुमाख ३ सल्यान | हेमराज एकिकृत पशुपन्छी तथा कृषि फर्म | २५ हजार | २५ हजार |
| ४ | भूमिसरा चलाउने | सिद्ध कुमाख ४ सल्यान | सुनटाकुरी लालीगुराँस बाखापालन समुह | २५ हजार | २५ हजार |
| वैकल्पिक | | | | | |
| १ | सरस्वति वस्नेत | सिद्ध कुमाख ४ सल्यान | सुनटाकुरी लालिगुराँस बाखापालन समुह | २५ हजार | २५ हजार |

## प्रस्ताव नं ६- दरबन्दी मिलान/तह घटुवा र विद्यालय समायोजन सम्बन्धमा

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँपलिका भित्रको शैक्षिक गुणस्तर सुधार एवं शैक्षिक जनशक्तिलाई व्वस्थित गर्नको लागि शैक्षिक सत्र २०८३ सुरु हुनु अगावै दरबन्दी मिलान, तह घटुवा र विद्यालय समायोजनका लागि आवश्यक कार्य गरी सिफारिस गर्न तपसिलको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसिल:

१-श्री खर्क बीर रोका- (सामाजिक विकास समिति संयोजक )- संयोजक
२-श्री प्रतिभा वली (खड्का) (नि. प्रमुख प्रशासकीय अधिकृत)- सदस्य
३- सम्वन्धित वडाध्यक्ष सवै - सदस्य
४- श्री भिमलाल भण्डारी - सदस्य

प्रमाणित गरियो।

भरत गिरी
अध्यक्ष

**प्रस्ताव नं ७- पालिका स्तरीय खेलमैदान निर्माणका लागि स्थान तोकी खेलमैदान निर्माण गर्ने सम्बन्धमा।**

**निर्णय नं ७**

सिद्ध कुमाख गाउँपलिकामा बसोवास गर्ने युवा एवं विद्यार्थीहरुको लागि खुला खेलमैदान निर्माण गर्ने माग अनुसार तपसिलको स्थानमा खेलमैदान निर्माणका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो।

तपसिलः

| खेलमैदान निर्माण गर्ने जग्गा रहेको स्थान | ठेगाना | जग्गाको प्रकार | जग्गाको क्षेत्रफल/हेक्टर | केफियत |
|---|---|---|---|---|
| सिद्ध कुमाख १ बेलउतीघारी सल्यान | सिद्ध कुमाख १ सल्यान | ऐलानी | १.१ हेक्टर | |

**प्रस्ताव नं ८- खरको छाना विस्तापित कार्यक्रम अनुमोदन गरी कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं ८**

सिद्ध कुमाख गाउँपालिकाको खरको छाना विस्तापित कार्यान्वयन कार्यविधि २०८२ बमोजिम सिद्ध कुमाख गाउँपालिका स्तरीय खरको छाना विस्तापित समन्वय समितिको मिति २०८२/१२ /२९ गतेको सिफारिस तथा निर्णयलाई अनुमोदन गरी कार्यान्वयन गरी निर्णय गरियो।

**प्रस्ताव नं ९- आर्थिक सहायता सम्बन्धमा।**

**निर्णय नं ९**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | छविलाल बस्नेत | सिद्ध कुमाख २ सल्यान | खुट्टामा गहिरो घाउ भइ उपचार भइरहेको | रु १० हजार मात्र |
| २. | नैनी बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | फोक्सोमा समस्या भइ उपचार भइरहेको | रु १० हजार मात्र |
| ३ | अनिता कवर | सिद्ध कुमाख ३ सल्यान | मृगौलामा समस्या भइ उपचार भइरहेको | रु १५ हजार मात्र |

प्रमाणित गर्यो।

भरत गिरी
अध्यक्ष

**प्रस्ताव नं १०- फरफारक सम्वन्धमा ।**

**निर्णय नं १०**

**सिद्ध कुमाख गाउँपालिकामा आव २०८२/८३ मा हालसम्म भुक्तानी भएका तपशिल बमोजिमका योजनाहरु फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।**

तपशिलः

| सि.न. | योजना/कार्यक्रमको नाम | वडा नं | विनियोजित रकम | भुक्तानी भएको रकम | सम्पत्र मिति |
|---|---|---|---|---|---|
| १ | बस्नेउरा खोलादेखि फागुने खोलि सम्म सिचाइ कुलो | ४ | १५००००० | १४५३९८५।३४ | २०८२/१२/०३ |
| २ | टाट्के रातामाता सिचाइ कुलो निर्माण योजना | १ | २००००० | १८७२२३।८८ | २०८२/१२/२३ |
| ३ | लेकवेशी स्वास्थ्य आमासमुह भवन मर्मत | ३ | १००००० | ९३६६८।५३ | २०८२/१२/१६ |
| ४ | सरस्वती आवि घेरेली खानेपानी टंकी निर्माण | ५ | १००००० | ९४८८०।२० | २०८२/११/२९ |
| ५ | ढारखोली प्रतिक्षालय निर्माण | ३ | १००००० | ९४९६४।७४ | २०८२/१२/१९ |

**प्रस्ताव नं ११- स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन सम्वन्धमा ।**

**निर्णय नं ११-**

सिद्ध कुमाख गाउँपालिकामा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम गर्न र श्रम तथा रोजगारसँग सम्वन्धित सेवा प्रभावकारी रुपले व्यवस्थापन तथा संचालन गर्न देहाय बमोजिमको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

क. अध्यक्ष श्री भरत गिरी -अध्यक्ष
ख. प्रमुख प्रशासकीय अधिकृत श्री प्रतिभा वली खड्का - सदस्य
ग. सामाजिक विकास समिति संयोजक श्री खर्कविर रोका - सदस्य
घ. आर्थिक प्रशासन शाखा प्रमुख श्री जनकराज जोशी - सदस्य
ङ. सामाजिक विकास समिति शाखा प्रमुख श्री सुरेन्द्र प्रसाद यादव -सदस्य
च. स्थानीय तहमा रहेको वैक तथा वितिय संस्था प्रतिनिधि श्री ललिता गौतम -सदस्य
छ. उद्योग वाणिज्य संघ स्थानीय प्रतिनिधि - सदस्य
ज. रोजगार संयोजक श्री राम कुमार डाँगी - सदस्य सचिव

प्रमाणित भयो।

भरत गिरी
अध्यक्ष

CamScanner

**निर्णय नं १२. विविध**

**प्रस्ताव विद्यालय सञ्चालन सम्वन्धमा**

**निर्णयः** सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सङ्घीय सरकारको निर्देशन बमोजिम हुने गरी अर्को निर्णय नहुँदासम्म भर्ना अभियान मिति २०८३/०१/१५ गतेबाट र पठनपाठन २१ गतेबाट सञ्चालन गर्ने निर्णय गरियो।

**प्रस्तावः संस्थागत विद्यालयको शुल्क र छात्रवृत्ति सम्बन्धमा**

निर्णयः सिद्ध कुमाख गाउँपलका अन्तर्गतका संस्थागत विद्यालयहरुले हालसम्म मनोमानी ढ्गले शुल्क लिइरहेको भन्ने गुनासो बढेकाले गाउँपालिकाबाट अनुगमन गरी नियन्त्रण गर्ने र कुल विद्यार्थी संख्याको १० प्रतिशत नघटाइ निशुल्क शिक्षा कार्यान्वयन तथा छात्रवृत्ति उपलब्ध गराउने निर्णयलाई कडाइका साथ लागु गर्ने

**प्रस्तावः विद्यालयमा विद्युत जडान शुल्क भुक्तानी सम्बन्धमा**

निर्णयः सिद्ध कुमाख गाउँपलका वडा नं १ मा सञ्चालित श्री शान्ति आधारभुत विद्यालःय कागखोला सल्यानमा विद्युत जडान नभएको र विद्यालयमा सो वापतको खर्च भएको रकम वेहोर्ने कुनै स्रोत नभएको हुँदा विद्यालयले कार्य सम्पन्न गरी खर्च भएको रकम रु.३४४०१।- माग गरेकोले सो खर्च विद्यालयको हितको लागि देखिएको हुँदा गाउँपलिकाको "विवध खर्च "शिर्षकवाट बीलबमोजिमको रकम सम्वन्धित विद्यालयको खातामा भुक्तानी दिने निर्णय गरियो।